बैठक संख्याः ०१ - २०८३।०८४

आज मिति २०८३।०४।०८ गतेका दिन बसेको लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. श्री निर्मल राना ( गाउँपालिका अध्यक्ष )

२. श्री सपना चौधरी राना (गाउँपालिका उपाध्यक्ष)

३. श्री प्यारेलाल राना ( १ नं. वडा अध्यक्ष)

४. श्री आशाराम राना ( २ नं. वडा अध्यक्ष)

५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष)

६. श्री बहादुर राना ( ४ नं. वडा अध्यक्ष)

७. श्री पहल बहादुर थापा ( ५ नं. वडा अध्यक्ष)

८. श्री हर्कनारायण जोशी ( ६ नं. वडा अध्यक्ष)

वासमती ९. श्री वसमती राना ( गाउँकार्यपालिका सदस्य)

१०. श्री दिलमाया चौधरी ( गाउँकार्यपालिका सदस्य)

११. श्री विन्दु देवि तिरुवा ( गाउँकार्यपालिका सदस्य)

अनुपस्थित १२. श्री शान्ती सार्की ( गाउँकार्यपालिका सदस्य)

गीता १३. श्री गीता देवि कोली ( गाउँकार्यपालिका सदस्य)

अनुपस्थित १४. श्री दुर्गा देवि कामी ( गाउँकार्यपालिका सदस्य)

१५. श्री राज बहादुर सार्की ( सदस्य सचिव)

आमन्त्रित :

१. वैजनाथ चौधरी इन्जिनियर

२. कुवेर बम शिक्षा अधिकृत

**बैठक संख्या:०१ आ.व.२०८३।०८४ मिति:२०८३।०४।०८ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १**

यस लालझाडी गाउँपालिकाको आ.व. २०८२/०८३ को वित्तीय तथा भौतिक प्रगति समीक्षा सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत ज्यूले प्रगति विवरण प्रस्तुत गर्नुभयो। प्रस्तुत विवरण अनुसार ८०.५१% वित्तीय र करिब ९०% भौतिक प्रगति भएको देखिएकोले उक्त प्रगतिलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. २**

चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली २०६४ को व्यवस्था बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्ने र सबै वडा र शाखाहरुलाई आफ्नो शाखाको योजना तथा कार्यक्रम समयमै कार्यान्वयन गर्न गराउन र असोज मसान्त भित्र उपभोक्ता समिति गठन तथा सम्झौता कार्य सम्पन्न गर्न निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ३**

मानव अधिकार सम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजना (२०८२/८३-२०८६/८७) कार्यान्वयनका लागि स्थानीय तहमा समन्वय समिति गठन गर्ने सम्बन्धमा भएको परिपत्र अनुसार गाउँपालिका अध्यक्ष ज्यूको संयोजकत्वमा देहाय बमोजिम रहने गरी स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| उपाध्यक्ष | सदस्य |
| वडा अध्यक्षहरु सबै ६ वटा | सदस्य |
| सम्बन्धित विषय हेर्ने अधिकृत | सदस्य |
| अध्यक्षले तोकेको एक जना महिला सहित ३ जना नागरिक समाजका प्रतिनिधि | सदस्य |
| स्थानीय सुरक्षा निकायको प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

**निर्णय नं. ४**

यस गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०८२।०८३ मा ठेक्का सम्झौता भै सञ्चालित विभिन्न योजना तथा आयोजनाहरू मध्ये काबु बाहिरको परिस्थिति वा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ईन्धनमा भएको अप्रत्यातिस मूल्य वृद्धि वा प्राविधिक कारणले तोकिएको सम्झौता अवधिभित्र सम्पन्न हुन नसकेका, सोही आव भित्रै सम्पन्न हुन नसक्ने स्थितिमा सञ्चालित विशेष समपुरक तथा पालिकाको अन्तरगतका देहाय अनुसारका योजनाहरूको हकमा प्राविधिक प्रतिवेदन र निर्माण व्यवसायीको निवेदन प्राप्त भएकोमा माग भएबमोजिम एक पटकका लागि देहाय बमोजिम म्याद थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

| क्र.सं | ठेक्का न. | योजनाको नाम | निर्माण व्यवसायी | ठेक्का को अन्तिम म्याद | म्याद थप अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | LAL/W/NCB/ 2082/083-03 | Construction of Ring Road at Ward-02 | Gorill Nirman Sewa | 2083/2/31 | 2083/07/30 | संघीय समपुरक अनुदान |
| 2. | LAL/W/NCB/ 2082/083-04 | Construction of road kirshi sadak to sarada school at ward 01 | Shubham Construction Laljhadi-06, | 2083/2/31 | 2083/07/30 | अध्यक्ष विशेष पूर्वाधार |

प्रतिलिपि प्रमाणित